नेपाल सरकार
अर्थ मन्त्रालय

विषय: २०७४ श्रावण महिनामा आएको बाढीबाट प्रभावित व्यक्ति तथा परिवारको लागि राहत र पुनर्स्थापना कार्य सञ्चालन गर्ने बारे।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति: २०७४/०७/२६

१. विषयको संक्षिप्त व्यहोरा:

यहि २०७४ श्रावण २७ देखि ३० सम्म आएको भीषण वर्षा र त्यसपछिको बाढीको कारण देशभर ३५ जिल्ला प्रभावित भए भने १८ जिल्लामा अत्याधिक प्रभाव पऱ्यो। यो बाढीका कारण १७ लाख जनसंख्या प्रभावित हुन पुग्यो। बाढीबाट ४१ हजार ६२६ घर पूर्ण क्षति र १ लाख ५० हजार ५१० घर आंशिक क्षति हुन गयो। तराई मधेश क्षेत्रका संरचनामा यस बाढी र डुबानले ठूलो क्षति पुऱ्याएको छ। राष्ट्रिय योजना आयोगले सम्पन्न गरेको बाढी पश्चातको पुनरुद्धार आवश्यकता पहिचान प्रतिवेदनले रू. ६० अर्ब ७१ करोड क्षति भएको देखाएको छ। यो क्षति नेपालको कूल गार्हस्थ उत्पादनको ३ प्रतिशत हुन आउने देखिन्छ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा:

राष्ट्रिय योजना आयोगले सम्पन्न गरेको बाढी पश्चातको पुनरुद्धार आवश्यकता पहिचान प्रतिवेदनले पुनर्स्थापनाको लागि रू.७३ अर्ब २२ करोड लाग्ने अनुमान गरिएको छ। आगामी तीन वर्षको अवधिमा तत्काल, मध्यकाल र दिर्घकालका लागि पुनर्स्थापना रणनीति अवलम्बन गरी पुनर्स्थापना कार्यक्रममा अगाडि बढाउनु पर्ने देखिन्छ। बाढी प्रभावित व्यक्ति र परिवारलाई तत्काल राहत उपलब्ध गराउने र पुनर्स्थापना गर्न आवश्यक भएको छ। यो कार्य राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत नै परिचालन हुने गरी व्यवस्था मिलाउनु उपयुक्त हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश:

यहि २०७४ श्रावण २७ देखि ३० सम्म नेपालमा भएको भीषण वर्षाबाट उत्पन्न बाढीको कारण प्रभावित व्यक्ति र परिवारलाई तत्काल राहत उपलब्ध गराउने र पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७४/०७/२६ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरेको छु।

४. निर्णय हुनुपर्ने व्यहोरा:

क) पूर्ण रुपमा घर क्षति भएका ४१ हजार ६२६ घर परिवारलाई प्रति परिवार रु. १५ हजारका दरले राहत अनुदान उपलब्ध गराउने। यो अनुदान यस्ता क्षति भएका घर निर्माण वापत भविष्यमा उपलब्ध गराइने अनुदानमा घटाई हिसाब मिलान गर्ने ।

ख) बाढीबाट प्रभावित ४१ हजार ६२६ घर परिवारलाई जाडोबाट जोगाउन न्यानो लुगा बापत प्रति परिवार रु. १० हजारका दरले अनुदान उपलब्ध गराउने ।

ग) बाढीबाट क्षतिग्रस्त आवास निर्माणको लागि आवश्यक काठ भूकम्प पीडित परिवारलाई आवास निर्माणका लागि उपलब्ध गराएसरहको परिमाणमा सोही प्रक्रियाबाट उपलब्ध गराउने ।

घ) स्वास्थ्य मन्त्रालयले निजी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी बाढीबाट क्षतिग्रस्त गाउँ बस्तीमा दुई दिनको स्वास्थ्य शिविर सञ्चालन गर्ने।

ङ) कृषि विकास मन्त्रालयले बाढीबाट क्षति भएको खेतीपातीलाई पुनर्जीवित गर्न आउँदो बाली लगाउन आवश्यक मल तथा बीउका लागि पूर्ण तथा आंशिक क्षति भएका सबै १ लाख ९१ हजार ७६६ परिवारका लागि प्रतिपरिवार रु. २ हजार उपलब्ध गराउने।

च) उपरोक्त व्यवस्था कार्यान्वयन गर्दा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिले यकिन गरेको तथ्याङ्कको आधारमा दोहोरो नपर्ने गरी सोही समितिले वितरण गर्ने गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत सञ्चालन गर्ने ।

मिति : २०७४/०७/२६

(शंकर प्रसाद अधिकारी)
सचिव

श्री सचिव,
अर्थ मन्त्रालय ।

२०७४ श्रावण महिनामा आएको बाढीबाट प्रभावित व्यक्ति तथा परिवारको लागि राहत र पुनर्स्थापना कार्य सञ्चालन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २/६४-०७४/७/२७ को प्रस्ताव मं.प.बै.सं. ३९।०७४ मिति २०७४।७।२७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

<u>नेपाल सरकारको निर्णय</u> –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( लोकदर्शन रेग्मी )
मुख्यसचिव
२०७४।७।२७

<u>बोधार्थ तथा कार्यार्थ:</u>

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, गृह मन्त्रालय ।